बैठक नं.६७

आज मिति २०७७/०६/२६ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको३:४५बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | — |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | — |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | — |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम् प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | — |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित्र बहादुर गुरुङ - का.वा. वडाध्यक्ष - ३

शिव बहादुर अधिकारी - का.वा. वडाध्यक्ष - ९

यम बराल - का.वा. वडाध्यक्ष - ५

प्रस्ताव नं.६७.१

**चाडपर्व मनाउदा आवश्यक स्वास्थ्य सावधानी अपनाउने सम्बन्धमा ।**

निर्णय नं. ६७.१

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिम पछिल्ला दिनहरुमा यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र पनि तिव्र रुपमा फैलिइरहेको पाइएको छ । सार्वजनिक सेवा संचालन गर्ने कार्यालयहरुबाट सेवा प्रवाह सुचारु भएको साथै आर्थिक एवं व्यवसायिक गतिविधिहरु र सार्वजनिक यातायात सञ्चालनमा खुकुलो एवं सहजीकरण गरे पश्चात जन-मानसको आवत-जावत लगायतका क्रियाकलापहरु बढेको तर भौतिक दुरी लगायत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको कडाईपूर्वक पूर्ण पालना नहुदा संक्रमणको जोखिम झन बढ्न गएको छ । यसै वीचमा दशैं, तिहार, छठ लगायतका नेपालीहरुका महान चाड पर्वहरु नजिकिदै छन् । यस्ता चाडपर्वहरु मनाउँदा खासगरी वडा दशैमा नवदुर्गाको मूर्ति स्थापना गर्ने, रातमा भजन गाउने, नाचगान गर्ने, देउसी भैलो खेल्ने जस्ता क्रियाकलापहरु एवं पर्व विशेषमा गरिने धार्मिक, सांस्कृतिक क्रियाकलापहरु गर्दा गराउदा संक्रमणको जोखिम अझ बढ्ने खतरा रहन्छ । यस्तो महामारीको रुपमा फैलिएको संक्रमणबाट खास गरी जेष्ठ नागरिकहरु र बच्चाहरु प्रभावित भएको पाइएको हुँदा यस महामारीबाट बच्नका लागि हामी सबै नगरवासीहरुले बालवालिका, जेष्ठ नागरिक र दीर्घ रोगीहरुको जनस्वास्थ्यलाई मध्यनजर राखी आफु बाचौ र अरुलाई पनि बचाउ भन्ने मान्यता र मानवीय भावनालाई समेत आत्मसाथ गरी नजिकिदै आएका चाडपर्वहरुमा मठ, मन्दिर, चर्च, गुम्बा, मस्जिदहरुमा नगरि नहुने भै नित्य पुजा गर्दा पुरोहित वा ब्राह्मण वा कर्ता र सहयोगी गरी बढीमा ३ (तीन) जनासम्म मात्र भई पुजा गर्ने व्यवस्था मिलाउने । देउसी, भैलो नखेल्ने । उक्त कार्यको सम्बन्धित वडाका वडाध्यक्ष एवं वडा सदस्यहरुबाट कडाइका साथ अनुगमन गरी जोखिम बढाउने कार्य हुन नदिने । उल्लेखित लगायत कुनै पनि काममा घरमै नित्य पुजा गर्ने र बाहिर ननिस्कने, आफ्नो एकाघरको परिवार मात्रै बसेर यो वर्षको चाडपर्व मनाउने, जुनसुकै कार्य गर्दा स्वास्थ्य सुरक्षाको सम्पूर्ण मापदण्ड पालना गर्ने साथै भिडभाड नगरी पूर्ण रुपमा स्वास्थ्य सावधानी अपनाउनका लागि सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा यो वैठक हार्दिक अनुरोध गर्दछ ।

प्रस्ताव नं.६७.२

**उज्यालो शहर सम्बन्धमा ।**

निर्णय नं. ६७.२

यस नगरकार्यपालिकाको आर्थिक तथा प्राविधिक् सहयोगमा विगत बर्षहरु देखि नै विजया दशमी तथा दीपावलिको अवसरमा टोल विकास संस्थाहरुको सहकार्य र समन्वयमा टोल सडकहरु उज्यालो गराउने परम्परा रही आएको छ । सोही सन्दर्भमा वडादशै ०७७ पनि नजिकिदै गर्दा यस बर्ष उज्यालो कार्यक्रमलाई निरन्तरता दिनका लागि वडा कार्यालयहरुबाट माग भए बमोजिम मिति २०७७।०६।१४ मा बसेको पूर्वाधार विकास समितिको वैठकबाट स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम पेश गरेको हुँदा पूर्वाधार विकास समितिले गरेको सिफारिस बमोजिम वडागत

रुपमा बजेट उपलब्ध गराउने गरी उज्यालो शहर कार्यक्रमलाई निरन्तरता दिई कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.६७.३**
**विपद व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. ६७.३**

यहि असोज महिनामा परेको अविरल बर्षाका कारण नगरभित्रका विभिन्न वडाहरुमा बाढी पहिरोबाट जनधनको ठूलो क्षति भएको हुँदा आगलागी र बर्षात जस्तो विपदमा परेका परिवारजनहरुमा तत्कालिन अवस्थामा देहाय बमोजिम राहत सहयोग तथा बाढी पहिरो नियन्त्रण गरी थप क्षति हुँन नदिन प्राविधिकको प्रतिवेदन समेतका आधारमा तत्काल देहाय बमोजिम तारजाली उपलब्ध गराउने गरी CCMC तथा कार्यालयवाट भएका निर्णय सिफारिस अनुमोदन गरियो ।

देहाय :

| सि.नं. | वडा नं. | विवरण | निवेदन प्राप्त मिति | उपलब्ध गराएको ग्याविन तार जाली संख्या |
|---|---|---|---|---|
| १. | २ | वडा भित्रका विभिन्न स्थानहरुमा तटवन्धन गर्ने | २०७७।०४।२९ | १५ थान जाली |
| २. | ३ | ज्योतिनगर, बमघाट क्षेत्रमा तटवन्धन | २०७७।०६।१३ | ५० थान जाली |
| ३ | ८ | वडा प्रहरी कार्यालय पछाडि तटवन्धन | २०७७।०४।१२ | ५ थान जाली |
| ४ | ११ | टप मजुवा नदी किनारमा तटवन्धन | २०७७।०४।११ | १८ थान जाली |
| ५ | १२ | बौराहा खोलामा पक्कि वाल भत्किएको | २०७७।०४।१८ | २५ थान जाली |
| ६ | १२ | राजपुर ठाडो खोला र सैतगढीमा तटवन्धन | २०७७।०४।१४ | ३० थान जाली |
| ७ | १२ | सतगढी स्वास्थ्य क्लिनिक पसर्वमा तटवन्धन | २०७७।०३।३१ | ३० थान जाली |
| ८ | १२ | वदेल पोखरीमा तटवन्धन | २०७६।१२।०९ | २५ थान जाली |
| ९ | १३ | प्याली भित्ता खेल मैदान पूर्व तटवन्धन | २०७७।०४।०१ | ६ थान जाली |
| १० | १३ | जवई टोल बस्ती छेउछाउ तटवन्धन | २०७७।०४।१६ | ३० थान जाली |

| | | | | |
|---|---|---|---|---|
| ११ | १३ | जितेश्वरी स्कुल छेउछाउ तटवन्धन | २०७७०४१३ | ६ थान जाली |
| १२ | १३ | नयागाँउ खानेपानी उत्तरतर्फ तटवन्धन | २०७६।१२।०९ | १० थान जाली |
| १३ | १४ | शान्ती नगर टोल दानब नदीमा तटवन्धन | २०७६।१२।०६ | १५ थान जाली |
| १४ | १५ | ढवाहा कल्भर्ट छेउमा भएको कटान तटवन्धन | २०७७०६।१३ | २० थान जाली |
| | | जम्मा | | २८५ थान जाली |

| सि.नं. | वडा नं. | विवरण | निवेदन प्राप्त मिति | उपलब्ध गराएको राहत रकम |
|---|---|---|---|---|
| १. | ३ | गोमती वि.क.को शौचालय बाढीले भत्काएको | २०७७०४।१२ | १५,०००।- |
| २. | ३ | दिनादेवी पाण्डेको घर भत्किएको गारो मर्मत | २०७७०४।१२ | १०,०००।- |
| ३ | ३ | जनु महतोको घर पछाडि पानी निकास | २०७७०४।१२ | १०,०००।- |
| ४ | ३ | चन्द्र बहादुरलाई पहिरोका कारण स्थानान्तरण | २०७७०४।१२ | ७,०००।- |
| ५ | ३ | एकता टोलमा पहिरोबाट आएको ढुंगा सार्ने | २०७७०४।१२ | ८,०००।- |
| ६ | ११ | रुक बहादुर थापाको घरमा आगलागी भएको | २०७७०६।०६ | २५,०००।- |
| ७ | ११ | भरत जी. जलुवाईको घर बाढीले बगाएको | २०७७०६।१२ | १०,०००।- |
| ८ | १७ | पुरुषोत्तम पुरीको घर बगाएको | २०७७०६।०९ | १०,०००।- |
| ९ | १७ | प्रेम कुमारी खाम्चाको घर बगाएको | २०७७०६।०९ | १०,०००।- |

**प्रस्ताव नं.६७.४**

**सिसिएमसिबाट भएका निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ६७.४**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम एवं नियन्त्रणका लागि यस नगरभित्र भएका कामकारवाहीको सम्बन्धमा मिति २०७७०४।३०,

२०७७०५।०३, २०७७०५।२३ र २०७७०६।०६ मा बसेको CCMC को बैठकबाट भएका निर्णयहरु तथा कोभिड संक्रमण व्यवस्थापन सम्बन्धमा चालु आ.व.मा मिति २०७७०६।२४ सम्ममा भएको देहाय बमोजिमको खर्च अनुमोदन गरियो ।

देहाय :

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | आइसोलेशन, अस्पताल निर्माण तथा व्यवस्थापन सम्बन्धी खर्च | ८७२९१२।- | |
| २. | क्वारेन्टिन संचालन व्यवस्थापन तथा खाजा खाना सम्बन्धी खर्च | २९३८१२।- | |
| ३. | कोभिड १९ रोकथाम, नियन्त्रण एवं व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद | ४७९१२०।- | |
| ४. | राहत वितरण सम्बन्धी खर्च | ८९१८०।- | |
| | जम्मा | १७३५०२४।- | |

**प्रस्ताव नं.६७.५**

**बसपार्क क्षेत्रमा सेनेटाइजिङ्ग गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६७.५

यस बुटवल उपमहानगरपालिकाबाट संचालित लुम्बिनी बस टर्मिनलबाट लामो दुरी तथा छोटो दुरीका बस र साना सवारी साधनहरु नेपाल भरका लागि छुट्ने गर्दछन् । उक्त सवारी साधनहरुमा दैनिक हजारौ यात्रुहरुले यात्रा गर्ने गर्दछन् । हाल महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिमलाई रोकथाम एवं नियन्त्रण गर्ने तर्फ हामी सबै सचेत र जागरुक हुनुपर्ने हुन्छ । सोही सन्दर्भमा फैलिरहेको संक्रमणलाई निसंकमण गर्न बस प्रवेशद्वारमा सेनेटाइजिङ्गमा सहयोग हुन भनि पशिचम नेपाल बस व्यवसायी प्रा.लि. बुटवलको च.नं.१८४ मिति २०७७०६।२६ को पत्रबाट समेत अनुरोध भई आएको र सो कार्य समय सार्न्दर्भिक र गर्नुपर्ने अत्यावश्यक कार्य समेत भएकोले उक्त सेनेटाइजिङ्ग कार्यको व्यवस्थापनको जिम्मेवारी पशिचम नेपाल बस व्यवसायी प्रा.लि. लाई नै दिने गरी सेनिटाइजिङ्ग सम्बन्धी कार्य गर्न रु एक लाख साठी हजार पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. लाई प्रकोप व्यवस्थापन कोषबाट अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.६७.६**

**धन्यवाद ज्ञापन सम्बन्धमा ।**

निर्णय नं. ६७.६

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट यो नगरपनि अछुतो छैन । सो रोगको रोकथाम एवं नियन्त्रणका लागि हालसम्म नगरले धेरै ठूलो

मूल्य चुकाई रहेको छ। स्थानीय सरकारको एक्लो प्रयास मात्र सार्थक नहुने रहेछ। सो का लागि सहयोगी दाताहरुको पनि भुमिका अहम हुने गर्दछ । सोही सन्दर्भमा यस बुटवल उपमहानगरपालिकाबाट वडा नं.११ स्थित एन्फा एकेडेमीमा संचालित आइसोलेशन सेन्टर तथा KNIT मा देहाय बमोजिमका संघसंस्था, क्लव एवं व्यक्तिहरुबाट समेत देहाय बमोजिमको जिन्सी एवं नगद सहयोग उपलब्ध भई आएको हुँदा मानवीय सेवामा समर्पित देहायका संघसंस्थाहरुलाई यो वैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

देहाय :

| | |
|---|---|
| - श्री वृटिश वेल्फेयर सेन्टर | -शौचालय ३, वाथरुम १ |
| -श्री लायन्स क्लव चौतारी, बुटवल | -इलेक्ट्रिक जग १० थान |
| | -Bucket १० थान |
| | -जग १० थान |
| -श्री लायन्स क्लव अफ बुटवल स्टार | -डस्टविन १६ पिस |
| | - Chairs १६ पिस |
| -श्री लायन्स क्लव अफ बुटवल देउराली | - P-farm ३० पिस |
| -श्री लायन्स क्लव वेलवास सृजनशिल | -रु.१०,०००।- (दशहजार मात्र) बराबरको च्यावन प्रास |
| -श्री रुरु मिलन केन्द्र नेपाल | -रु.८,०००।- (आठ हजार) बराबरको अश्वगन्धा प्राप्त |
| -श्री नरेश कुवर, समाजसेवी | -रु.१७,०००।- (सत्र हजार) बराबरको खाद्य सामग्री |
| -श्री रोटरी क्लव अफ सेक्टर बुटवल | -युरो वाटर |
| | -धारा स्टाटफिटर-२ |
| | -स्याण्ड-१ |
| | -ट्यांकी-१ |
| UNOPS | -वाथरुम-२/ट्वाइलेट-२ |
| | -डस्टविन-७ |
| श्री रमेश कुमार जोशी, बुटवल २ पाखाग्नी | -मास्क २०० पिस |
| श्री सिद्ध फर्मोलेशन प्रा.लि. | -सिटामोल ६० P |
| श्री लायन क्लव मणिमुकुन्द युथ बुटवल | -Giovex 2 m |
| | -N 95 mask ५० |
| | -जिवनजल ५०० |
| | -जिलोई ५० |
| श्री लायन्स क्लव अफ बुटवल | -टेवुल पंखा |
| | -सेनिटाइजर १० लिटर |
| | -मास्क ५०० पिस |

श्री रोटरी क्लव अफ बुटवल डाउनटाउन -वकेट, ल्याम्व, सोपकेश, टुथपेस्ट, इलेक्ट्रिक जग, मग, टुथ व्रश, डस्टविन, एक्स्ट्रावकेट ४ पिस, मग ४ पिस, हर्पिक ७ पिस

श्री लायन्स क्लव अफ मणिमुकुन्द युथ -५० फाईल गुडचि
-५० पिस मास्क

श्री रोटरी क्लव अफ बुटवल साउथ, रोटरेक्ट क्लव अफ बुटवल साउथ, रोटरेक्ट क्लव अफ तिनाउ सिटी -इलेक्ट्रिक जग २५ थान, स्टील गिलास २५ थान, सर्जिकल मास्क १५० पिस, ग्लोब्स ५० जोडा

**प्रस्ताव नं.६७.७**
**स्वास्थ्यलाभको कामना सम्बन्धमा ।**
**निर्णय नं. ६७.७**
यस बुटवल उपमहानगरपालिकाको वडा नं. ३ र ७ बाट वडाध्यक्षमा निर्वाचित वडाध्यक्ष एवं कार्यपालिकाका सदस्य क्रमश: श्री लाल प्रसाद बस्यालज्यू र श्री कमल प्रताप थापाज्यू कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित भई आइसोलेशनमा उपचाररत रहनु भएको हुँदा यो वैठक उहाहरुको साथै कोरोना भाइरसवाट संक्रमित सबै नगरवासीहरुको शिघ्रस्वास्थ्य लाभको कामना गर्दछ ।

**प्रस्ताव नं.६७.८**
**समवेदना सम्बन्धमा ।**
**निर्णय नं. ६७.८**
यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र कोरोना भाइरसका (कोभिड-१९) कारण देहाय बमोजिमको वडामा बसोवास गर्ने देहाय बमोजिमका व्यक्तिहरु दिवंगत हुनु भएको हुँदा मृत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्ने र शोक सन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भन्ने कामनाका साथ यो वैठक हार्दिक समवेदना व्यक्त गर्दछ ।

देहाय :

| | |
|---|---|
| -भरत नेपाल | बुटवल ६ |
| -पूर्ण कुमार श्रेष्ठ | बुटवल ११ |
| -भुमादेवी थापा | बुटवल १३ |
| वसिर खान | बुटवल १ |
| मान बहादुर थापा | बुटवल ११ |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।